फिदिम नगरपालिकाको कार्यालय
फिदिम, पाँचथर
१ नं. प्रदेश, नेपाल

# फिदिम नगरपालिका सामी परियोजना जनशक्ति छनौट मापदण्ड, २०७९

## परिभाषा खण्ड

वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र उपलब्धिमूलक बनाउन नेपाल सरकार र स्वीस सरकारको द्विपक्षीय सम्झौता अनुसार सुरक्षित आप्रवासन परियोजना( सामी) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत सँचालनमा रहेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नीतिगत नेतृत्व, प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको समन्वयमा स्थानीय तहले कार्यक्रम कार्यन्वयन र कार्यक्रम सञ्चालनमा हेल्भेटास नेपालले प्राविधिक सहयोग गर्नेछ भन्ने उल्लेख भए अनुसार कार्यक्रम सञ्चालन गर्नका लागी करारमा जनशक्ति छनौट गर्न योग्यता प्रणालीमा आधारित खुल्ला प्रतिस्पर्धाद्धारा कर्मचारीहरुको सेवा करार गर्नु आवश्यक भएकोले सामी परियोजना जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७९ तयार गरिएको हो ।

## क) छनौट समिति

उपयुक्त कर्मचारी छनौट गरी फिदिम नगरकार्यपालिकाको कार्यालयलाई सिफारिस गर्न देहाय बमोजिमको छनौट समिति रहनेछ ।

१. संयोजक : प्रमुख प्रशासकीय अधिकृत
२. सदस्य: कार्यपालिकाले तोकैको अधिकृतस्तरको कर्मचारी
३. सदस्य : शिक्षा,युवा तथा खेलकुद विकास शाखाको प्रमुख
४. सदस्य सचिव: प्रशासन शाखाको प्रतिनिधि

(आवश्यकताको आधारमा विज्ञको रुपमा आमन्त्रित गरी विज्ञता सेवा लिन सकिने छ )

## ख) परिक्षाको किसिम:

१. लिखित पक्षिा
२. अन्तरवार्ता

### १. लिखित परिक्षा सञ्चालन सम्बन्धमा :

- आवश्यक सबै पदका लागि नगर कार्यपालिकाले स्वीकृत गरेको पाठ्यक्रममा आधारित प्रश्नपत्र तयार गर्नु पर्नेछ ।
- परियोजना संयोजक र प्रशासन तथा लेखा अधिकृत पदको लागि सेवा सम्बन्धी ५० पूर्णांकको वस्तुगत र ५० पूर्णांकको विषयगत गरी कुल १०० पूर्णांकको लिखित परीक्षा सञ्चालन गर्ने । परिक्षार्थीले लिखित परिक्षामा उतीर्ण हुन वस्तुगत र विषयगत प्रत्येक खण्डमा न्यूनतम ४० प्रतिशत अंक ल्याउनपर्नेछ ।
- अन्य सहायकस्तरका पदहरुको लागि सेवा सम्वन्धि १०० पूर्णाङ्कको बहुवैकल्पिक वस्तुगत प्रश्नहरु रहने र सो परिक्षाको उतीर्णांक ४० प्रतिशत हुनेछ ।
- रिटर्नी स्वयंसेवकको परिक्षा अन्तरवार्ता पद्धतीबाट मात्र लिइनेछ ।
- लिखित परिक्षाको प्रश्न पत्र तयारी गर्न विज्ञको छनौट पदपुर्ति समितिबाट हुनेछ ।
- लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा माग संख्यामा १ भएमा ३ जना, दुईजना भएमा ४ उम्मेदवारको देवनागरी लिपीको नामको बर्णानुक्रमको आधारमा नामावली प्रकाशन गर्ने ।

फिदिम नगरपालिका
नगरपालिकाको कार्यालय
फिदिम, पाँचथर
१ नं. प्रदेश, नेपाल

- लिखित परीक्षाको प्रश्नावली सम्बन्धित विज्ञहरुको सहयोगमा तयार गरी सिलवन्दी लाहाछाप लगाएर प्रश्नावली राखिने छ र उक्त शिलबन्दी प्रश्नपत्र परीक्षा सञ्चालन हुन १५ मिनेट अगाडी खोलिनेछ ।
- लिखित परीक्षा स्वच्छ , मर्यादित एवं अनुशासनयुक्त बनाउने र परीक्षा हलमा कुनै परीक्षार्थीले अमर्यादित कार्य गरेमा परीक्षा हलबाट निष्कासन समेत गर्न सक्ने ।
- कोडिङ विधिको अवलम्बन गरेर मात्र लिखित परीक्षाको उत्तर पुस्तिका परीक्षण गर्नु पर्नेछ ।
- लिखित परीक्षाको अनुगमन नगर प्रमुख तथा उप प्रमुखले गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।तर कारणवश अनुगमन गर्न असमर्थ भएमा परिक्षा कार्यक्रम रोकिने छैन ।
- उत्तर पुस्तिकाको परीक्षण पदपूर्ति समितिले छनौट गरेको विज्ञबाट हुनेछ ।

**२. अन्तरवार्ता परिक्षा कार्यक्रम सम्बन्धमा :-**

लिखित परीक्षामा सफल भएका परीक्षार्थीहरु सहभागी हुने अन्तरवार्ता परिक्षा कार्यक्रम देहाय बमोजिम हुनेछ :

- परियोजना संयोजक र प्रशासन तथा लेखा अधिकृत, आप्रवासन श्रोत केन्द्र परामर्शकर्ता, सामाजिक परिचालक, वितीय सहकर्ता र मनोसामाजिक परामर्शकर्ताको अन्तरवार्ता कुल २० पूर्णाङ्कको हुने । सोको अंक विभाजन छनौट समितिले सामान्यतया लोक सेवा आयोगले अवलम्वन गरेको प्रकृया अपनाउने छ ।
- रिटर्नी स्वयमसेवकको कुल ५० अंकको अन्तवार्ता लिईने छ ।
- अन्तरवार्ताको कुल अंकलाई छनौट समितिले भार निर्धारण गर्न सक्नेछ । सोको अंकभार निम्न विषयलाइ आधार मानिनेछ । निम्न:
  - **क)** विषय वस्तु सम्बन्धी ज्ञान
  - **ख)** विषयवस्तुको प्रस्तुती
  - **ग)** व्यक्तित्व
  - **घ)** अनुशासन
- समितिले आवश्यक ठानेमा सम्बन्धिक विषयको विज्ञलाई अन्तरवार्तामा आमन्त्रण गर्न सक्नेछ ।
- आवश्यकताको आधारमा सामी हेल्भेटासलाई विज्ञको रुपमा आमन्त्रित गरी विज्ञता सेवा लिन सकिने छ ।
- दुवै परीक्षामा सम्मिलित भएका परीक्षार्थीहरु मध्येबाट योग्यता क्रमानुसार वैकल्पिक उम्मेदवार समेतको नाम छनौट समितिले नगरकार्यापालकिाको कार्यालयलाई सिफारिस गर्नु पर्नेछ ।
- सामी परियोजनाको कर्मचारी छनौट प्रकृयालाई पारदर्शि, व्यवस्थित, मर्यादित वनाई योग्य कर्मचारी छनौट गर्न सामान्यतया लोक सेवा आयोगको कर्मचारी भर्ना सम्वन्धि सिद्धान्त र प्रकृया अवलम्वन गरिने छ । अन्य विषयको हकमा नेपालको प्रचलित कानून र सामी परियोजना कार्यान्वयन निर्देशिका, २०७९ अनुसार हुनेछ ।